# बाल न्याय सम्बन्धी ब्यवस्था

## १. परिचय

बालबालिकाहरू अपराधका पीडकका रूपमा मात्र कानुनको सम्पर्कमा आउने होइनन् । उनीहरू पीडित, पीडक, साक्षी, उजुरीकर्ता लगायत अन्य विभिन्न रूपमा कानुनी प्रक्रियामा संलग्न हुन्छन् र हुनुपर्ने हुन्छ । यसरी विभिन्न रूपमा कानुनको सम्पर्कमा आउँदा बालबालिकाको शारीरिक विकास तथा मानसिक परिपक्वताका आधारमा उनीहरूको संवेदनशीलतालाई ध्यान दिई, राष्ट्रिय र अन्तर्राष्ट्रिय कानुनले निसृत गरेका बालबालिकाका अधिकारहरूको प्रयोग, उपचार र ब्यवस्थापनसँग सम्बन्धित समग्र पक्ष लगायत कानुनी प्रक्रियामा उनीहरूमाथि आउन सक्ने जोखिमलाई बाल अधिकार सम्मत ढङ्गले ब्यवस्थापन र सम्बोधन गर्नु बाल न्यायको अभिन्न अङ्ग हो ।

बालबालिकाको समग्र ब्यक्तित्व विकासका लागि आवश्यक पर्ने वातावरण सृजना गर्ने लगायतका उत्तरदायित्वहरू राज्य, संघसंस्था, अभिभावक तथा ब्यक्तिले समेत कानुनले निर्दिष्ट गरे बमोजिम वहन गर्नुपर्दछ । विभिन्न कारणले कानुनको सम्पर्कमा आउने बालबालिकाहरूले यस अगावै थुप्रै चुनौतीहरूको सामना गरिरहेका हुन्छन् । बालमैत्री न्याय प्रणालीले यी विषयलाई आत्मसात गर्दै सामान्य न्यायिक प्रणाली, कानुनी प्रक्रियाभित्र प्रत्येक पाइलामा बालबालिकाले भोग्नुपर्ने समस्या तथा चुनौतीहरूलाई सामना गर्न बालबालिकालाई प्रेरित गर्ने वातावरण तयार गर्दछ ।

बाल न्यायको मुख्य उद्देश्य नै समग्र न्यायिक प्रक्रियामा बालबालिकालाई अधिकारको प्रत्याभूति सहित सामाजिक, भौतिक तथा मानसिक रूपमा उनीहरूलाई सुरक्षित महसुस गराउनु हो । अतः बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्वका आधारमा बालमैत्री न्यायको अवधारणाले न्यायिक प्रक्रियाका सिलसिलामा बालबालिकाको अधिकार सुनिश्चित गर्ने, सरकार, अदालत तथा कानुन कार्यान्वयन गर्ने निकाय तथा अधिकारीहरूलाई बालबालिकाको अधिकार सुनिश्चित गर्न तथा न्यायिक प्रणालीमा बालबालिकाले भोग्नुपर्ने जोखिमपूर्ण अवस्थालाई सम्बोधन गर्न प्रेरित गर्दछ ।

बालमैत्री न्याय प्रणालीको सिद्धान्तले कानुनी तथा न्यायिक प्रक्रियामा आउँदा बालबालिकाले सम्भावित मानसिक तनाव र अवरोधहरूलाई हटाउने मात्र नभई बालबालिकाको न्यायमा पहुँचको अभिबृद्धिमा महत्वपूर्ण योगदान दिई उनीहरूको अधिकारको उच्चत्तम सम्मान तथा परिपुर्ति गर्न समेत महत्वपूर्ण हुन्छ ।

## २. बाल न्याय प्रणालीका सवालहरू

नेपालको वर्तमान कानुनी संरचना बालबालिका पीडकका रूपमा मात्र कानुनको सम्पर्कमा आँउछन् भन्ने मान्यताबाट बढी निर्देशित भएको देखिन्छ । फलस्वरूप पीडित, साक्षी, उजुरीकर्ता लगायत अन्य विभिन्न रूपमा कानुनी तथा न्यायिक प्रक्रियामा आउने बालबालिकामाथि हुने जोखिम तथा उनीहरूको अधिकारको प्रत्याभूति तथा प्रबर्द्धनका निमित्त खासै ठोस कानुनी ब्यवस्था गरिएको पाइँदैन । परिणामतः न्यायिक प्रक्रियामा सम्पर्कमा आएका बालबालिकाहरू जोखिममा हुन्छन् र तिनका आवश्यकताहरू विशेष किसिमका हुन्छन् भन्ने बोध नभएका कारण पीडित बालबालिकाहरूको न्यायमा पहुँच कमजोर रहेको देखिन्छ ।

त्यसैगरी, पीडक तथा साक्षीका रूपमा वा आमाबाबुको सम्बन्धविच्छेद मुद्दामा बालबालिकाको संरक्षण कसले लिने भन्ने सवाल, उनीहरूको सम्पत्तिको सुरक्षा लगायतका सवालमा अदालतमा उपस्थित हुने बालबालिकाको उचित संरक्षण र उनीहरूलाई बालमैत्री किसिमको ब्यवहार गर्नुपर्ने लगायत अन्य कारणहरू रहेको सवालमा कानुनले केही हदसम्म उचित संरक्षण गरेता पनि पर्याप्त देखिँदैन ।

## ३. बाल अधिकार सम्बन्धी महासन्धि तथा बाल न्याय सम्बन्धी ब्यवस्था

बाल अधिकार सम्बन्धी महासन्धिको धारा ३७, धारा ३९ तथा धारा ४० मा  कुनै पनि अपराधमा अभियुक्त वा पीडित अन्य कारणले कानुनी प्रक्रिया तथा सर्म्पकमा आएका वा न्यायिक प्रक्रियामा आएका बालबालिकाको अधिकारको प्रत्याभूतिको ब्यवस्था गरिएको छ । खासगरी धारा  ३७ मा कुनै पनि बालबालिकालाई यातना विरुद्धको अधिकार सुनिश्चित गरिएको छ । उनीहरूमाथि क्रूर अथवा हानिकारक किसिमले यातना दिइनु हुँदैन भनिएको छ । साथै, १८ वर्षभन्दा कम उमेरका बालबालिकाद्वारा गरिएका कसुरहरूका लागि मृत्युदण्डको सजाय वा रिहाई पाउने सम्भावना बिनाको आजीवन कारावासको सजाय विरुद्धको अधिकार सुनिश्चित गरिएको छ । बालबालिकालाई अन्तिम उपायको रूपमा र यथासम्भव सबभन्दा छोटो अवधिका लागि मात्र गिरफ्तार गरिनु पर्दछ, बन्दी बनाइनु पर्दछ अथवा थुनामा राखिनु पर्दछ भन्ने उल्लेख छ । यसैगरी, उनीहरूलाई बालिगहरूभन्दा अलग्गै राखिनु पर्दछ तथा आफ्ना परिवारहरूसँग सम्पर्क राख्न दिनु पर्दछ ।

महासन्धिको धारा ४० मा राज्यद्वारा कार्यान्वयन गरिने पीडकका रूपमा कानुनको सम्पर्कमा आएका बालबालिकाको  न्याय सम्बन्धी ब्यवस्थाहरूको विस्तृत विवरण समावेश गरिएको छ । गोपनियताको पूर्ण सम्मान पाउने, बालबालिकालाई विशेष रूपमा लागू हुने खालका कानुनहरू, कार्यविधिहरू, निकायहरू र संस्थाहरू, खासगरी न्यूनतम उमेरको हद स्थापना जुन उमेरभन्दा कम उमेरका बालबालिकाको फौजदारी कानुन उल्लंघन गर्न सक्ने क्षमता हुँदैन भनी अनुमान गरिनुपर्ने लगायतका ब्यवस्थाहरू कानुनद्वारा ब्यवस्थित गरिनुपर्ने उल्लेख गरिएको छ ।

त्यसैगरी, धारा ३९ मा पीडित बालबालिका अर्थात् कुनै पनि प्रकारको उपेक्षा, शोषण वा दुर्व्यवहार, यातना वा अन्य कुनै पनि प्रकारको क्रूर, अमानवीय वा अपमानजनक व्यवहार वा सजाय वा सशस्त्र संर्घषबाट पीडित बालबालिकाको शारीरिक तथा मनोवैज्ञानिक पुनर्लाभ र सामाजिक प्रवर्द्धन गर्न समुचित उपायहरू अपनाउने व्यवस्था रहेको छ । यस्तो पुनर्लाभ र पुनस्थार्पना त्यस्ता बालबालिकाको स्वास्थ्य, आत्मसम्मान र प्रतिष्ठा प्रबर्द्धन गर्ने वातावरणमा हुनेछ ।

यसका अतिरिक्त बाल अपराध निरोध गर्ने सम्बन्धी संयुक्त राष्ट्रसंघको रियाद निर्देशिका, बाल अपराधीको स्वतन्त्रताको हनन् विरूद्धका संयुक्त राष्ट्रसंघको निर्देशिका, थुनामा बाहेक अन्य उपायहरू (नन् कस्टोडियल मेजरस्) का सम्बन्धमा संयुक्त राष्ट्रसंघको न्यूनतम मापदण्ड (टोकियो रूल्स), बाल न्याय (बाल अपराध) ब्यवस्थापन सम्बन्धी न्यूनतम मापदण्ड सम्बन्धी नियम (वेइजिङ् रूल्स) लगायतका ब्यवस्था र त्यसमा उल्लेखित मापदण्डहरू पनि यस सन्दर्भमा अत्यन्त महत्वपूर्ण छन् ।

वास्तवमा बाल अधिकार सम्बन्धी महासन्धिको धारा ३ ले सार्वजनिक वा निजी समाज कल्याणकारी संस्थाहरू, बालबालिकाको बाबु, आमा, कानुनी संरक्षक, वा कानुनी रूपमा जिम्मेवार ब्यक्तिले बालबालिकाको उच्चतम/सर्वोत्तम हितलाई ध्यानमा राख्ने ब्यवस्था गरेको छ ।

### ४. नेपालको राष्ट्रिय कानुन

नेपालको संविधान, २०७२ को धारा २० मा न्याय सम्बन्धी हकको ब्यवस्था गरिएको छ । यो ब्यवस्था अभियुक्त अर्थात् कुनै अपराधको पीडकका रूपमा कानुनको सम्पर्कमा आएका जोकोही ब्यक्तिहरूका सम्बन्धमा आकर्षित हुन्छ । उक्त ब्यवस्थाले मूलतः निम्न अधिकारको प्रत्याभूति गरेको पाइन्छः

- कानुन ब्यवसायीको सल्लाह लिन पाउने अधिकार,
- पक्राउ परेको ब्यक्तिलाई पक्राउ भएको समय तथा स्थानबाट बाटोको म्याद बाहेक २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारी समक्ष उपस्थित गराउनुपर्ने, त्यस्तो अधिकारीको आदेशमा बाहेक कसैलाई पनि थुनामा नराखिने,
- तत्काल कानुनले सजाय नहुने कुनै काम गरे बापत सजायको भागी नहुने र कानुनले तोकिएदेखि बाहेक बढी सजाय नहुने,
- कसुर प्रमाणित नभएसम्म कसूरदार नमानिने,
- कुनै पनि ब्यक्ति विरूद्ध अदालतमा एकै कसूरमा एक पटकभन्दा बढी मुद्दा नचलाउने र सजाय पनि नदिइने,
- कसुरको अभियोग लागेको ब्यक्तिलाई आफ्नो विरूद्ध साक्षी हुन बाध्य नपारिने,
- प्रत्येक ब्यक्तिलाई निज विरूद्ध गरिएको कारबाहीको जानकारी पाउने हक,
- प्रत्येक ब्यक्तिलाई स्वतन्त्र, निष्पक्ष र सक्षम अदालत वा न्यायिक निकायबाट स्वच्छ सुनवाइको हक हुनेछ ।
- असमर्थ पक्षलाई कानुन बमोजिम निःशुल्क कानुनी सहायता पाउने हक हुनेछ ।

धारा २१ अपराध पीडितको हक अर्थात् अपराधमा पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीको जानकारी पाउने हक, अपराध पीडितलाई कानुन बमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्ति सहितको न्याय पाउने हक हुने ब्यवस्था छ । धारा ३९ (८) ले प्रत्येक बालबालिकालाई बाल न्यायको हक हुने ब्यवस्था गरेको छ ।

नेपालको नयाँ संविधानले फौजदारी अपराधका अभियुक्तको अधिकार तथा अपराध पीडितको न्यायको हक सम्बन्धी ब्यवस्था गर्नुका साथै बाल अनुकूल अर्थात् बालमैत्री न्यायको ब्यवस्था गरेको छ । यस ब्यवस्थाले परम्परागत रूपमा फौजदारी न्यायको हकमा सीमित संवैधानिक ब्यवस्थालाई फराकिलो बनाउँदै न्याय प्रणालीलाई बालमैत्री र अपराध पीडितको अधिकारको सुनिश्चितताको दृष्टिकोणले न्यायको क्षेत्रलाई सकारात्मक रूपमा विस्तार गरिएको छ । यसलाई नेपालको नयाँ संविधानको महत्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

यस सन्दर्भमा बालबालिका सम्बन्धी ऐन, २०४८, मुलुकी ऐन, २०२०, बाल न्याय सम्बन्धी कार्यविधि, २०६३, राष्ट्रिय बालनीति, २०६९ लगायतका वर्तमान कानुनी तथा नीतिगत ब्यवस्थाहरू महत्वपूर्ण रहेका छन् । तथापि यी ब्यवस्थाहरू मुख्यतया बाल अभियुक्तको अधिकार र उनीहरूलाई कसरी ब्यवहार गर्ने र ब्यवस्थापन गर्ने भन्ने दृष्टिकोणबाट धेरै निर्देशित भएको पाइन्छ ।

अतः नयाँ संविधानले बाल अधिकार सहित बालमैत्री न्याय र पीडितको हक समेतको ब्यवस्थालाई फराकिलो बनाएको अवस्थामा माथि परिचय खण्डमा उल्लेख गरेझैं बाल न्यायको क्षेत्रलाई बृहद् ढङ्गले विस्तार र स्थापित गर्ने अवसर प्राप्त भएको छ ।

### ५. सुझाव

नेपालको संविधान, २०७२, नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्वता, अन्तर्राष्ट्रिय बालअधिकार समितिले नेपालको प्रतिवेदनमा दिएका समानपन टिप्पणीहरूका आधारमा नेपालको कानुनले बालबालिका पीडक अर्थात् अभियुक्तका रूपमा मात्र कानुनको सम्पर्कमा आउँदैन, विभिन्न अवस्था र कारण जस्तोः पीडितको रूपमा साक्षीको रूपमा कानुनको सम्पर्कमा आउँछन् भन्ने ब्यवस्थालाई हृदयंगम् गरी उनीहरूको न्यायमा पहुँच सुनिश्चित गर्न सारभूत र कार्यविधि कानुनको ब्यवस्था गरिन आवश्यक छ ।

## ५.१) अभियुक्तका रूपमा कानुनको सम्पर्कमा आएका बालबालिका

पीडक अर्थात् कुनै अपराधमा अभियुक्तका रूपमा उपस्थित बालबालिकाका निमित्त निम्न व्यवस्था गरिन आवश्यक देखिन्छ :

- दोषी प्रमाणित नभएसम्म निर्दोष भएको अनुमान गरि पाउने,
- आफू विरूद्ध लगाइएको अभियोगको तुरून्त तथा प्रत्यक्ष रूपमा र उपयुक्त भएसम्म बाबुआमा वा कानुनी संरक्षक मार्फत जानकारी पाउने तथा आफ्नो प्रतिरक्षाको तयारी र प्रस्तुतिमा कानुनी वा अन्य समुचित सहयोग पाउने,

### अपराधिक दायित्व

प्रस्तावित फौजदारी व्यवस्थाले बालबालिकाको अपाराधिक दायित्वको सम्बन्धमा १० वर्षको उमेरलाई आधार मानेको देखिन्छ। यो व्यवस्थाले तोकेको उमेरको हद अपराधिक दायित्व वहन गर्न अत्यन्त न्यून देखिन्छ। खासगरी १० वर्ष उमेरका बालबालिकाले मनसाय राखेर फौजदारी कानुनको उल्लंघन गर्न सक्ने क्षमता राख्न सक्दैनन् ।

संयुक्त राष्ट्रसंघको बाल अधिकार महासन्धि अन्तर्गतको बालबालिका अधिकार समितिले पनि पक्ष राष्ट्रहरूलाई समापन टिप्पणी मार्फत बालबालिकाको परिभाषा गर्दा उमेरको हद बढाउन सुझावहरू दिइरहेको र नेपाललाई पनि बालबालिकाको अपराधिक दायित्व बाह्र बर्षको उमेरबाट मात्रै प्रारम्भ हुने व्यवस्था गर्दा CRC अनुकूल हुने र अपराधको प्रकृति र परिणाम बुझ्नसक्ने बालबालिकाको मानसिक परिपक्वता समेतको आधारमा बालबालिकाको अपराधिक दायित्व १२ वर्षको उमेरबाट शुरू हुने व्यवस्था गर्दा उपयुक्त हुन्छ ।

- बालबालिकाको सर्वोत्तम हितको विपरित नहुने ठानिएमा निजका बाबुआमा वा कानुनी संरक्षकको उपस्थितिमा सक्षम, स्वतन्त्र र निष्पक्ष निकाय वा न्यायिक निकायबाट कुनै विलम्ब बिना कानुन बमोजिम स्वच्छ सुनुवाई गरी सो कुराको निर्धारण गरि पाउने। यसका निमित्त अदालतमा बाल इजलासको ब्यवस्था गर्नुपर्ने ।
- आफू विरूद्ध प्रमाण दिन वा अपराध स्वीकार गर्न कर नलगाइने, आफू विरूद्धका साक्षीहरूको परीक्षण गर्ने वा गर्न लगाउने, आफ्नो पक्षका साक्षीहरूलाई समानताको अवस्था अन्तर्गत उपस्थित गराइ पाउने,
- कानुन बमोजिम पुनरावलोकन गर्न पाउने,
- प्रयोग गरिएको भाषा बालबालिकाले बुझ्न वा बोल्न नसक्ने भएमा दोभाषेको नि:शुल्क सहयोग पाउने,
- गोपनीयताको पूर्ण सम्मान पाउने, बालबालिकालाई विशेष रूपमा लागू हुने खालका कानुनहरू, कार्यविधिहरू, निकायहरू र संस्थाहरू खासगरी निम्न ब्यवस्थाहरू स्थापित गर्ने,
- न्यूनतम उमेरको हद स्थापना, जुन उमेरभन्दा कम उमेरका बालबालिकाको फौजदारी कानुन उल्लंघन गर्न सक्ने क्षमता हुँदैन भनी अनुमान गरिनेछ ।

## ५.२) पीडितका रूपमा कानुनको सम्पर्कमा आएका बालबालिका

नेपालको संविधान तथा बालबालिका सम्बन्धी महासन्धि लगायत माथि उल्लेखित विभिन्न अन्तर्राष्ट्रिय निर्देशिकाहरूले ब्यवस्था गरे अनुरूप पीडितका रूपमा कानुनको सम्पर्कमा आएका बालबालिकाका खासगरी सुचनाको अधिकार, सुरक्षाको अधिकार क्षतिपूर्ति र परिपुरणको अधिकार, कानुनी सहायताको अधिकार, पुनर्स्थापनाको अधिकारजस्ता न्यूनतम अधिकारहरू सुनिश्चित गरिन आवश्यक छ ।

### क) सूचनाको अधिकार

- आफूले बुझ्ने भाषामा कानुनी कारवाहीका विभिन्न अवस्थाको जानकारी पाउने अधिकार,
- आफू पीडित भएको घटनासँग सम्बन्धित सम्पूर्ण तथ्य, कानुन र प्रक्रिया एवं प्रगतिका बारेमा जानकारी पाउने अधिकार,
- आफ्नो सुरक्षा र सेवासँग सम्बन्धित ब्यवस्था र ब्यवस्थापनका बारेमा जानकारी पाउने अधिकार,
- आफूले प्राप्त गर्ने कानुनी अधिकार, उपचार, क्षतिपूर्ति, परिपुरण तथा पुनर्स्थापना सम्बन्धमा जानकारी पाउने अधिकार ।

### ख) सुरक्षा तथा कानुनी सहायताको अधिकार

- पीडक पक्ष पीडित तथा पीडितको साक्षी, परिवारलाई कुनै पनि किसिमको डर, धाक, प्रलोभन, त्रास, शारीरिक तथा मानसिक क्षति सृजना हुने वा गर्ने गरी सम्पर्कमा आउन निषेध गरिने ।
- बाल न्याय प्रदान गर्ने निकाय वा अधिकारीबाट पीडित तथा पीडितको साक्षी, प्रमाण, परिवारको सर्वाङ्गिण हित, सुरक्षा, विकासको अधिकार ।
- ५ वर्षसम्म सजाय हुने मुद्दा फिर्ता लिँदा पीडित बालबालिकाको सहमति लिनुपर्ने ब्यवस्था ।
- अपराध पीडित बालबालिका अस्पताल, प्रहरी, विद्यालय वा अन्य कुनै क्षेत्रमा तत्काल सम्पर्कमा आएको अवस्थामा तालिम प्राप्त सामाजिक कार्यकर्ता, प्रहरी अधिकारी, शिक्षक, डाक्टर वा सामाजिक मनोविमर्शकर्ताबाट सेवा प्राप्त गर्न पाउने ब्यवस्था ।

- त्यसरी सम्पर्कमा आउँदा जोसँग सम्पर्कमा आएको छ निजले तत्काल कानुनी प्रक्रियाका लागि तोकिएको अधिकारी समक्ष सिफारिस गर्नुपर्ने व्यवस्था ।
- त्यस्ता पीडित बालबालिकाहरू सम्पर्कमा आएमा तत्काल बालबालिकालाई पुनः पीडित हुनबाट जोगाउन आवश्यक व्यवस्था गर्न तत्काल पहल गर्नुपर्ने व्यवस्था, तत्काल सम्बन्धित निकाय तथा अधिकारीको ध्यान आकर्षित हुने व्यवस्था मिलाउने ।
- नि:शुल्क कानुनी सहायताको व्यवस्था ।

**ग) क्षतिपूर्ति र परिपुरण**

- बालबालिकालाई अपराधका कारण गुमाउनुपरेको क्षतिको क्षतिपूर्ति गर्ने व्यवस्था । पीडकले क्षतिपूर्ति दिन सक्ने अवस्था नरहेमा सो व्यवस्था राज्यले गर्नुपर्ने ।
- कुनै कानुनको उल्लंघन भएको अवस्थामा सोबाट बालबालिका पीडित भएको अवस्था छ, जसको कारण कानुन उल्लघंनकर्ता वा पीडकलाई आर्थिक लाभ भएको छ भने पीडकले सो को परिपुरण गरी आर्थिक रूपमा सोधभर्ना गरिदिने व्यवस्था ।
- पीडकको कारण कुनै शारीरिक वा मानसिक क्षति भोग्नुपरेको अवस्थामा लाग्ने औषधोपचार खर्चको परिपुरण गर्ने व्यवस्था ।

**घ) साक्षीको रूपमा**

- बालबालिकाहरू साक्षीको रूपमा कानुनी सम्पर्कमा आएको अवस्थामा बाल न्यायका सम्बन्धमा तालिम प्राप्त ब्यक्तिले बालकले विश्वास गरेको उमेर पुगेका ब्यक्तिका सामु मात्र बयान गराउने ब्यवस्था गर्नुर्ने । यदि त्यस्तो ब्यक्ति नभएको अवस्थामा बाल संरक्षण अधिकृत वा सामाजिक कार्यकर्ताको उपस्थितिमा गराउने ब्यवस्था गर्नुपर्ने ।
- साक्षीको रूपमा उपस्थित बालबालिकालाई धेरैचोटि बयान गराउनुपर्ने अवस्था आएमा सकेसम्म कम पटक बयानका लागि उपस्थित गराउने अवस्था सृजना गर्ने । त्यसरी धेरै पटक बयान गराउनुपर्ने अवस्थामा पहिला जसले बयान लिएको हो सोही ब्यक्तिद्वारा बयान गराउने ब्यवस्था गर्ने ।
- बालबालिका साक्षीको रूपमा उपस्थित भई अदालत वा अन्य मुद्दा हेर्ने अधिकारी समक्ष बयान गर्न राजी भएमा, बालबालिकालाई सहज हुने वातावरण तयार गर्ने दायित्व सम्बन्धित अधिकारीको हुने ब्यवस्था गर्ने । त्यसरी बयान गराउँदा बालबालिकालाई अभियुक्तको सम्पर्कमा आउन बाध्य नतुल्याउने । यसका लागि सम्भव भएसम्म भिडियो अन्तर्वार्ता वा अन्य उपायहरू अपनाउन सक्ने ब्यवस्था ।
- बालबालिकालाई घुमाउरो ढङ्गले प्रश्न नगरी उनीहरूले बुझ्ने भाषामा सहज र सरल तरिकाले गर्ने ब्यवस्था ।

**ङ) बालबालिका उजुरीकर्ताका रूपमा**

- बालबालिकालाई आफू विरूद्ध भएको कुनै अपराध वा निजको कुनै अधिकार हनन् भएको अवस्था सम्बन्धित अधिकारी समक्ष मुद्दा दायर गर्नु परेमा नि:शुल्क कानुनी सेवा पाउने ब्यवस्था ।
- त्यस्तो अवस्थामा बालबालिकालाई आफ्ना आमाबाबु, अभिभावक वा संरक्षक वा पत्याएको कानुन ब्यवसायी मार्फत तत्काल वा अन्य आवश्यक प्रक्रिया अपनाउन पाउने ब्यवस्था ।
- बाल्य अवस्थामा भएका अधिकारको हनन् तथा अपराध विरूद्ध उमेर पुगेपछि कानुनी उपचार प्राप्त गर्ने अधिकारको ब्यवस्था ।
- कुनै पनि मुद्दा वा कानुनी प्रक्रिया अपनाउँदा कोर्ट फि तिनुपर्ने, आमा बाबु वा अभिभावकको स्विकृति लिनुपर्ने वा अन्य कुनै प्रकारको वाधा अवरोधहरू छन् भने बालबालिकाको हकमा त्यस्ता अवरोधहरू हटाउने ब्यवस्था ।

बाल न्याय सम्बन्धी नीतिगत सवालमा तयार गरिएको यो जानकारीपत्र विधायक, नीति निर्माता, नागरिक समाज तथा पैरबीकर्ताहरूका लागि बालअधिकारकर्मिहरू तथा सञ्जालहरूको सामुहिक परामर्शवाट तयार पारिएको हो ।

यो जानकारीपत्र हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्चद्वारा युनिसेफ, नेपाल कार्यालयको आर्थिक सहयोगमा प्रकाशन गरिएको छ ।

थप जानकारीका लागि :

**हिमाल इनोभेटिभ डेभलपमेन्ट एण्ड रिसर्च**

बुद्धनगर-१०, काठमाडौं

फोन : ९७७-१-४७८३७९१,

email : hidrnepal@gmail.com

www.hidrnepal.com